आज मिति २०८१ साल पौष महिनाको ०८ गते , दिनको ठिक ११.०० बजे यस म्याग्दे गाउँपालिका तनहुँको गाउँसभाको सत्रौ बैठक तथा अधिवेशन । दोश्रो पदाधिकारीको छैटौ गाउँसभा बैठक ) गाउँपालिकाका अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ ज्यु को अध्यक्षतामा वसी निम्न उपस्थितिमा तपशिल बमोजिमको निर्णय गरियो ।

**तपशिल**

१ अध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ

२ उपाध्यक्ष श्री वालकृष्ण घिमिरे

३ वडा न. १ वडा अध्यक्ष श्री मणिभद्र वाग्ले

४ वडा न. २ का वडा अध्यक्ष श्री शिव वहादुर क्षेत्रि

५ वडा न. ३ का वडा अध्यक्ष श्री टुक राज अधिकारी

६ वडा न. ४ का वडा अध्यक्ष श्री दिपक कुमार श्रेष्ठ

७ वडा न. ५ का वडा अध्यक्ष श्री शिव वहादुर आले

८ वडा न. ६ का वडा अध्यक्ष श्री हिरा लाल गुरुङ्ग

९ वडा न. ७ का वडा अध्यक्ष श्री वसन्त कुमार श्रेष्ठ

१० महिला सदस्य श्री वद्रिका भट्टराई घिमिरे

११ महिला सदस्य श्री चिनिमाया थापा

१२ महिला सदस्य श्री जानकी थापा

१३ महिला सदस्य श्री सिता कुमाल

१४ दलीत सदस्य श्री थम माया कामी

१५, सदस्य श्री राममाया थापा खडुल मगर

१६, सदस्य श्री मिन वहादुर गुरुङ्ग

१७, सदस्य श्री मिन वहादुर थापा

१८, सदस्य श्री केशरी सुनार

Scanned with CamScanner

१९, सदस्य श्री कल्पना परियार

२०, सदस्य श्री महेन्द्र वहादुर रानाभाट

२१, सदस्य श्री रमेश अधिकारी क्षेत्रि

२२, सदस्य श्री सुनिता नेपाली

२३,सदस्य श्री  प्रकाश घिमिरे

२४, सदस्य श्री वालचन्द्र घिमिरे

२५, सदस्य श्री श्रीमाया नेपाली

२६,सदस्य श्री  वम वहादुर मस्राङगी

२७, सदस्य श्री खिमानन्द वाग्ले

२८, सदस्य श्री  लोकेन्द्र गुरुङ्ग

२९,  सदस्य श्री सविता वि.क.

३०, सदस्य श्री जुक्तराज वाग्ले भन्ने भगत वहादुर थापा

३१,  सदस्य श्री अनुमहत श्रेष्ठ

३२, सदस्य श्री  विष्णु माया कोईराला

३३,सदस्य श्री वुद्धि वहादुर थापा

३४, सदस्य श्री केशी माया मगर

३५, सदस्य श्री फुल माया नेपाली

३६, सदस्य श्री धुर्व वहादुर नेपाली

३७, सदस्य श्री लक्ष्मण घर्ति

३८, सदस्य सचिव श्री नारायण प्रसाद अधिकारी

Scanned with CamScanner

**गाउँसभाको १७ औ अधिवेशनको पहिलो वैठक ( ०८१।०९।०८) का ९ वटा कार्यसुचीहरु ।**

१, सभाध्यक्ष श्री श्रीप्रसाद श्रेष्ठ ज्यु ले गाउँसभाको १७ औ अधिवेशन आव्हान गरेको पत्र पढेर सुनाउने

२, सभाका सदस्य तथा उपाध्यक्ष श्री वालकृष्ण घिमिरे ज्यु ले १७ औ अधिवेशनको सफलताको शुभकामना मन्तव्य राख्ने ।

३, उपाध्यक्ष श्री वालकृष्ण घिमिरे ज्यू ले महत्वपुर्ण विषयमा संकल्प प्रस्ताव पेश गर्ने ।

४, संकल्प प्रस्ताव उपरको छलफलमा सदस्य श्री वसन्त कुमार श्रेष्ठ र वद्रिका भट्टराई घिमिरे ज्यु लगाएतका सदस्य ले भाग लिने ।

५, म्याग्दे गाउँपालिकाको विभिन्न ३ वटा विधेयक प्रस्तुत / शैद्धान्तीक विषयमा छलफल / स्वीकृत हुने ।

५.१, म्याग्दे गाउँपालिकाको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन विद्येयक २०८१

५.२,म्याग्दे गाउँपालिकाको वालअधिकार विद्येयक २०८१

५.३, म्याग्दे गाउँपालिका को आर्थिक ऐन २०८१ पहिलो शंशोधन २०८१

**६, तपशिल बमोजिमका समितिको अर्धवार्षिक प्रतिवेदन छलफल र स्वीकृत हुने ।**

६.१, सार्वजनिक लेखा समितिको अर्धवार्षिक प्रतिवेदन ०८१।०८२, संयोजक श्री शिव वहादुर क्षेत्रि ज्यु बाट

६.२, न्यायीक समितिको अर्धवार्षिक प्रतिवेदन ०८१।०८२, संयोजक उपाध्यक्ष श्री वालकृष्ण घिमिरे ज्यु बाट

६.३, सुशासन समितिको अर्धवार्षिक प्रतिवेदन ०८१।०८२, संयोजक श्री सुनिता नेपाली ज्यु बाट

६.४, योजना अनुगमन समितिको अर्धवार्षिक प्रतिवेदन २०८१।०८२, उपाध्यक्ष श्री वालकृष्ण घिमिरे ज्यु बाट

७, शुन्य समय निर्धारण र महत्वपुर्ण विषयमा छलफल हुने

८, उपाध्यक्ष ज्युवाट विभिन्न नीतिगत निर्णयका ३६ वटा प्रस्ताव प्रस्तुत र छलफल सहित स्वीकृत हुने

९, धन्यवाद सहित सभाध्यक्ष मार्फत सभाको सत्रौ बैठक ०८१।०९।०८ को कार्यक्रम समापन हुने ।

Scanned with CamScanner

## २०८१।०९।०८ को १७ औ गाउँसभाका ३६ वटा नीतिगत निर्णयका ऐजेण्डाहरु

१, कार्यपालिकाले गरेका हालसम्मका निर्णय अनुमोदन सम्वन्धमा ।

२, संगठन तथा व्यवस्थापन सर्वेक्षण दोश्रो शंशोधन सगै करार दरवन्दी स्वीकृत सम्वन्धमा ।

३, योजना तथा कार्यक्रम फरफारक सम्वन्धमा ।

४, आन्तरिक राजश्व वृद्धि ( नदिजन्य घाट,ठेक्का तथा अमानत/ निजि जग्गा उत्खनन व्यवस्थापन/ लिलाम विक्री/ निकासी ठेक्का आदी सम्वन्धमा ।

५, विभिन्न विधेयक स्विकृत सम्वन्धमा ।

६, हालसम्मको खर्च अनुमोदन सम्वन्धमा ।

७, सवारी मर्मत तथा खरिद सम्वन्धमा ।

८, अधिकार प्रत्यायोजन सम्वन्धमा ।

९, करार नविकरण सम्वन्धमा ।

१०, डिजिटलाईजेशन उपयोग र निरन्तर अध्यावधिक सम्वन्धमा ।

११, विभिन्न प्रतिवेदन छलफल तथा स्वीकृत सम्वन्धमा ।

१२, वादर नियन्त्रण सम्वन्धमा ।

१३, संकल्प प्रस्ताव स्वीकृत तथा कार्यान्वयन सम्वन्धमा ।

१४, राजश्व छुट सम्वन्धमा ।

१५, तलवी प्रतिवेदन स्वीकृत सम्वन्धमा ।

१६, आय संकुचन सगै भुक्तानी हुन नसक्ने योजना सम्वन्धमा ।

१७, सहकारी नियमन व्यवस्थापन, विद्यालय नियमन व्यवस्थापन सम्वन्धमा ।

१८, रिक्त कर्मचारी करार पदपुर्ति सम्वन्धमा ।

१९, अवैध उत्खनन् जरीवना ( नदी जन्य र सडक पुर्वाधार निर्माण ) असुली सम्वन्धमा ।

२०, जग्गा भोगाधिकार सम्वन्धमा ।

२१, आर्थिक विपन्न आवास निर्माण अर्न्तगत जग्गा रोक्का सम्वन्धमा ।

Scanned with CamScanner

२२, सार्वजनीक भवन निर्माण सम्वन्धमा ।

२३, खानेपानी लगाएत अपुरा योजना सम्पन्न गर्ने सम्वन्धमा ।

२४, नया वजेट निर्माण चरणमा संघ प्रदेशमा माग गर्ने योजना सम्वन्धमा ।

२५, थपुं अस्पतालको लागी आवश्यक पर्ने जनशक्ती माग गर्ने सम्वन्धमा ।

२६, लिलाम विकी सम्वन्धमा ।

२७, वहुवर्षिय योजना स्वीकृत सम्वन्धमा ( विउविजन केन्द्र .... लगाएत )

२८, चोरी तथा दुर्घटना सुचनाको लागी सडकमा सि.सि. क्यामरा जडान (वडा १,२,३,४,६)

२९, पृथ्वि राजमार्ग सडक निर्माण आयोजना सग (सडक, खा.पा. मर्मत आदी ) अनुरोध गर्ने सम्वन्धमा

३०, लागत साझेदारी योजना कार्यन्वयन मापदण्ड निर्माण सम्वन्धमा ।

३१, सामाजिक सूरक्षा कोष,/गण्डकी प्रदेश नवप्रवर्द्धन र वृद्धिमुखी कार्यक्रम कार्यन्वयन सम्वन्धमा

३२, वजेट तथा योजना कार्यक्रम शशोधन तथा रकमान्तर सम्वन्धमा ।

३३, अध्यनको लागी सहजीकरण सम्वन्धमा ।

३४, अन्य थप भएका प्रस्ताव विषय सम्वन्धमा ।

३५, विविध विषय सम्वन्धमा ।

३६, अधिवेशन अन्त्य सम्वन्धमा ।

Scanned with CamScanner

**म्याग्दे गाउँपालिकाको मिति २०८१।०९।०८ को गाउँसभा को १७ औ बैठकका निर्णयहरु**

**निर्णय न.१७/२०८१।०८२– ०१,**

गाउँकार्यपालिकाले मिति २०८१ श्रावण देखी २०८१ मशिर २६ सम्म गरेका निर्णयलाई अनुमोदन गर्ने निर्णय गरीयो ।

**निर्णय न.१७/२०८१।०८२– ०२**

कार्यदलले तयार गरेको मस्यौदा , विषयगत शाखा, विषयगत  समिति हुदै मिति २०८१।०८।२७ मा गाउँकार्यपालिका वाट स्वीकृतको लागी गाउसभामा पेशभई आएको म्याग्दे गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८० को दोश्रो शंशोधन २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय न.१७/२०८१।०८२– ०३**

गाउँपालिका वाट चालु आ.व. ०८१।०८२ मा हालसम्म सम्पन्न भएका योजना तथा कार्यक्रमहरु निर्धारित गुणस्तरमा सम्पन्न भएको कुनै पनि हिनामिना दुरुपयोग नभएको हुँदा फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय न.१७/२०८१।०८२–०४**

**आन्तरिक आय वृर्द्धि गर्ने सम्वन्धमा तपशिल बमोजिम गर्ने निर्णय गरियो ।**

(क) यस गाउँपालिकाको आन्तरिक आय लाई वृर्द्धि गर्नेगरी सोह्रौ गाउँसभाको निर्णय समेतको आधारमा १५ वटा नदी जन्य घाटहरुको वजार र मागको आधारमा पुर्ण रुपमा ठेक्का लाग्न नसक्ने अवस्था र वजेटले लिएको नीति तथा कार्यक्रम, राजश्व लक्ष्य/ स्विकृत योजनाहरु /कार्यन्वयन जटीलता समेत लाई  विश्लेषण गरी आन्तरीक आय लक्ष्य पुरागर्नको लागी स्वीकृत ऐन नियम भित्र रही कानुनी जटीलता समेत नहुने गरी ठेक्का नलागेपश्चातको अमानत कार्य लाई अगाडी वढाउने

(ख) निजि जग्गा उत्खनन तथा व्यवस्थापन कार्य लाई अगाडी वढाउने ।

Scanned with CamScanner

(ग) अदालतको फैसला समेतका आधारमा लिलाम बिकी लाई अगाडी वढाउने ।

(घ) म्याग्दे गाउँपालिका वाट आर्थिक वर्ष ०८१।०८२ को आन्तरीक आय प्रयोजनार्थ निकाशी तथा स्थानीय विकी शुल्क ( वातावरण प्रदुषण शुल्क ) ठेक्का गतको ८० लाख मा १० प्रतिसत वृद्धि गरी भ्याट र कर वाहेक न्युनतम मुल्य रु ८८,००००।० कायम गरी ३ पटक सूचना प्रकाशन गरिएको सगै चौथो पटक गण्डकी प्रदेशको आर्थिक ऐन २०८१ को अनुसुचि ७ मा भएको व्यवस्था अनुसार १९ प्रतिसत वरावरको रुकम रु १६,७२,०००।० घटाई कायम हुने रकम रु ७१,२८,०००।० लाई न्युनतम मल्य कायमगरी ठेक्का सूचना प्रकाशन गर्दा पनी ठेक्का नलागे सगै राजश्व परामर्श समितिको वैठकको निर्णय तथा सिफारिस र कार्यपालिकाको निर्णय अनुसार आर्थिक वर्ष ०८१।०८२ को प्रारम्भ देखी राजश्व शाखा मार्फत विभिन्न स्थानमा नगरप्रहरी तथा कर्मचारी परिचालन गरी अमानत वाट कर संकलन गर्दा हालसम्म कर संकलन को अवस्था तपशिल वमोजिम जम्मा रु १५,१५,८३६।० रहेको पाईयो ।

**तपशिल**

१, मिति २०८१ श्रावण महिनामा गुणादी नाकाको रु १,८२,३१७।० सेरा नाकाको रु ९९,३००।० र भिमाद नाकाको रु २,९७५।० गरी जम्मा रु २,८४,५९२।०

२, मिति २०८१ भाद्र महिनामा गुणादी नाकांको रु १,४५,२८०।० सेरा नाकाको रु १,५३,८४०।० र भिमाद नाकामा सो समयमा कारोवार नहुनेहुदा असुल नभएको रु ०।० गरी जम्मा रु २,९९,१२०।०

३, मिति २०८१ असोज महिनामा गुणादी नाकाको रु १,३१,५३७।० सेरा नाकाको रु १,४१,००५।० र भिमाद नाकामा सो समयमा कारोवार नहुदा असुल नभएको रु ०।० गरी जम्मा रु २,७२,५४२।०

४, मिति २०८१ कातिक महिनामा गुणादी नाकाको रु १,२४,६२०।० सेरा नाकाको रु ९५,०७९।० र भिमाद नाकाको रु ३९,७५५।० गरी जम्मा रु २,५९,४५४।०

५, मिति २०८१ मंशिर महिना को २४ गते सम्म गुणादी नाकाको रु २,०१,३०८।० सेरा नाकाको रु १,५१,३२५।० र भिमाद नाकाको रु ४७,४९५।० गरी जम्मा रु ४,००१२८।०

**निश्कर्ष तथा निर्णय :-** राजश्व परामर्श समितिको मिति २०८१।०८।२४ को वैठक को निर्णय न. ४ समेत र राजश्व शाखाले दिएको अभिलेख सहित माथीको आय रकम विश्लेपण गर्दा न्युनतम मासिक आय रकम रु २,५९,४५४।० लाई आधार लिदा १ वर्षमा जम्मा रु ३१,१३,४४८।०आम्दानी हुने देखन्छि भने मासिक अधिक्तम आय मंशिरको २४ दिनको हिसाव ( रु ४,००१२८।० ) लाई आधार लिदा दैनिक १६,६७२।० ले मासिक रु ५,००१६०।० लिदा १ वर्षमा भ्याट र कर सहित औषत आय रकम जम्मा रु ६०,०१९२०।० असुल हुने देखीन्छ । यसरी असुल गर्ने प्रयोजनार्थ ३ स्थानमा कर्मचारी खटाउदा दैनिक

Scanned with CamScanner